## १४. करपाटी

**१. करपाटी भनेको के हो ?**

*VAT मा दर्ता भए नभएको, VAT लाग्ने वा कर छुटको वस्तु वा सेवाको कारोवार गर्ने करदाताको पहिचान गराउने प्लेट ।*

**२. क-कसले कस्तो कस्तो करपाटी राख्नुपर्छ ?**

- *VAT मा दर्ता भएका करदाताले* ***हरियो पृष्ठभूमिमा सेतो अक्षर ।***
- *VAT लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने तर थ्रेसहोल्ड भन्दा कमको कारोवार भई दर्ता गर्नु नपर्ने करदाताले* ***पहेंलो पृष्ठभूमिमा कालो अक्षर ।***
- *VAT छुट भएका वस्तु वा सेवाको कारोवार गर्ने करदाताले* ***सेतो पृष्ठभूमिमा रातो अक्षर।***

**३. करपाटीको आकार कति हुनुपर्छ ?**

*उँचाई १० से.मी. र लम्बाई ३० से.मी. ।*

**४. करपाटी कहाँ राख्नुपर्छ ?**

*करदाताको कारोवारस्थलमा ग्राहकले स्पष्ट गरी देख्ने ठाउँमा ।*

**५. करपाटी नराखेमा के हुन्छ ?**

*ऐन तथा नियमावली बमोजिम करपाटी नराखेको खण्डमा प्रति हप्ता दुईहजार र तोकिएको ठाउंमा राख्नु पर्नेमा नराखे एकहजार रुपैयां जरिवाना लाग्ने व्यवस्था रहेको छ ।*